# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

बेथानचोक, काभ्रे २०७६ फागुन १३ गते, २०७६ साल

# भाग २

## बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोकको

## सूचना

बेथानचोक गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बेथानचोक गाउँपालिकाको बैठक तथा भ्रमण खर्च सम्बन्धी**

**कार्यविधि, २०७६**

# बेथानचोक गाउँपालिकाको बैठक तथा भ्रमण खर्च सम्बन्धी कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः – २०७६।११।१३

**प्रस्तावना**

गाउँपालिकामा बस्ने बैठकहरु तथा पदाधिकारी र कर्मचारीहरुबाट हुने भ्रमणको खर्चलाई व्यवस्थित बनाउन आवश्यक भएकोले बेथानचोक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "बेथानचोक गाउँपालिकाको बैठक तथा भ्रमण खर्च सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउनेछ ।

(ख) "पदाधिकारी" भन्नाले गाउँसभा, गाउँकार्यपालिका तथा गाउँपालिकाको निर्णय अनुसार गठित विभिन्न समितिहरुमा नियुक्त पदाधिकारी तथा सदस्यलाई जनाउनेछ । सो शब्दले उक्त समितिको सचिवलाई समेत जनाउनेछ ।

(ग) "कर्मचारी" भन्नाले गाउँपालिकामा कार्यरत नियमित तलब खानेगरी नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई जनाउनेछ ।

(च) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

## परिच्छेद २
## बैठक भत्ता सम्बन्धी व्यवस्था

३. **बैठक भत्ता उपलब्ध गराउन सक्ने** : (१) गाउँपालिकाले गाउँसभा, गाउँकार्यपालिका तथा कानून बमोजिम गठित विभिन्न समिति, उपसमिति तथा कार्यदलहरुको बैठक बस्दा पदाधिकारीलाई बैठक भत्ता उपलब्ध गराउन सक्नेछ ।

(२) कार्यालय समय भित्र नियमानुसार मासिक तलब प्राप्त गर्ने पदाधिकारी तथा कर्मचारी सहभागि हुने बैठकमा भत्ता उपलब्ध गराउन मिल्ने छैन ।

४. **बैठक भत्ताको दर** : (१) दफा ३ बमोजिम हुने बैठकमा सहभागि हुने पदाधिकारीले प्रदेश कानुन बमोजिम बैठक भत्ता पाउने छन् ।

(२) एकै दिनमा बैठक सम्पन्न नभई अर्को दिनहरुमा पनि लगातार बैठक बस्नु परेमा बैठक स्थगित भएको र अर्को दिन बैठक बसेको व्यहोरा बैठक निर्णय पुस्तिकामा उल्लेख भएमा बैठकमा सहभागि भएको सबै दिनको भत्ता उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

(३) भत्ता वितरण गरेको बैठकमा पदाधिकारीहरुको उपस्थिती र गरेका निर्णयहरुको प्रतिलिपी सम्बन्धित भर्पाईमा राख्नुपर्नेछ ।

५. **कर कट्टा गर्नुपर्ने** : (१) बैठक भत्ता बापत वितरण गरिने रकममा भत्ता वितरण गर्ने निकायले नियमानुसार १५ प्रतिशत कर कट्टा गर्नु पर्नेछ ।

(२) कर बापत कट्टा गरेको रकम सम्बन्धित राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

६. **वडा समितिको बैठक** : (१) वडा समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकको भत्ता पाउने छन् ।

(२) तर उपदफा (१) बमोजिमको बैठक भत्ता प्रदेश कानूनले तोक बमोजिम हुनेछ ।

## परिच्छेद ३
## स्थानीय यातायात खर्च (गाडी भाडा) सम्बन्धी व्यवस्था

७. **स्थानीय यातायात खर्च उपलब्ध हुने :** पदाधिकारीहरुको यातायात खर्च, सवारी खर्च तथा इन्धन खर्च प्रदेश कानूनले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ४
## दैनिक भ्रमण भत्ता, अनगुगमन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी व्यवस्था

८. **दैनिक भ्रमण भत्ता उपलब्ध गराउनेः** (१) गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीलाई गाउँपालिकाको कामकाजमा गाउँपालिका क्षेत्र भन्दा बाहिर जानु परेमा तोकिए बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुनेछ ।

(२) कुनै सरकारी तथा गैरसरकारी निकायको आयोजनामा हुने कार्यक्रममा सहभागि हुन जाँदाका हकमा कार्यक्रम आयोजक संस्थालेनै भ्रमण खर्च व्यहोर्ने भनी उल्लेख भई आएमा त्यस प्रकारको भ्रमणमा भ्रमण खर्च भूक्तानी हुनेछैन ।

(३) उपदफा (१) बमोजिम भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले भ्रमण भत्ता माग गर्दा तोकिए बमोजिमको ढाँचामा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

(४) पदाधिकारी तथा कर्मचारीले प्राप्त गर्ने दैनिक भ्रमण भत्ताको दर पद र श्रेणी अनुसार प्रदेश कानूनले तय गरे बमोजिम हुनेछ ।

(५) गाउँकार्यपालिकाले योजना अनुगमन बापत प्रतियोजना दर तोकी एकमुष्ट वा योजनापिच्छे अनुगमन समितिका पदाधिकारीहरुलाई भत्ता तोक्न सक्नेछ ।

९. **प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता उपलब्ध गराउनेः** (१) बेथानचोक गाउँकार्यपालिकाको कार्यालयमा दरबन्दी भई नियमित रुपमा फिल्डमा गएर आयोजनाहरुको कार्यान्वयनमा काम गर्नुपर्ने

गाउँपालिकाका इन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारीलाई मासिक १५ (पन्ध्र) दिनको थप फिल्ड भत्ता उपलब्ध गराइनेछ।
(२) दफा (१) मा जेसुकै कुरा लेखिएको भएतापनि प्रत्येक आर्थिक वर्षको लागि गाउँकार्यपालिकाबाट निर्णय भए पश्चात मात्र फिल्ड भत्ता उपलब्ध गराइने छ।

१०. **जोखिम भत्ता** : (१) प्राकृतिक तथा अप्राकृतिक प्रकोपको समयमा प्रकोप व्यवस्थापनमा खटिने पदाधिकारीहरु तथा कर्मचारीहरुका लागि गाउँसभा वा गाउँ कार्यपालिकाबाट आवश्यक निर्णय गरी जोखिम भत्ता उपलब्ध गराउन सकिनेछ।

११. **आयोजना अनुगमन सम्बन्धमा**
गाउँपालिकाबाट संचालित आयोजना अनुगमन गर्दा सम्बन्धित पदाधिकारी तथा कर्मचारीले आयोजना व्यवस्थापन खर्च ( कन्टिजेन्सी) वा अनुगमन तथा मूल्याङ्कन खर्चबाट अनुगमन मूल्यांकन भत्ता पाउनेछन्।

## परिच्छेद ५
## काज स्वीकृत सम्बन्धी व्यवस्था

१२. **काज स्वीकृत गर्नु पर्ने** : (१) दैनिक भ्रमणमा जाने कर्मचारी तथा पदाधिकारीले भ्रमणको औचित्य सहित सम्बन्धित पदाधिकारीबाट काज स्वीकृत पश्चात मात्र भ्रमण गर्नुपर्नेछ।
(२) अध्यक्ष स्वयमको, उपाध्यक्ष, वडा अध्यक्ष, गाउँसभाका सदस्य, कार्यपालिकाका सदस्य, गाउँपालिकाबाट गठित विभिन्न समिति, उपसमिति तथा कार्यदलका पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतको काज अध्यक्षबाट स्वीकृत हुनेछ । वडास्तरीय कार्यक्रममा वडा अध्यक्ष स्वयं र वडा सदस्यको हकमा वडा अध्यक्षद्वारा काज स्वीकृत हुनेछ।
(३) गाउँपालिका तथा वडा कार्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको काज स्वीकृत प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ।

## परिच्छेद ६
## खाना, खाजा सम्बन्धी व्यवस्था

१३. **बैठकमा चिया खाजाको व्यवस्था गर्नुपर्ने** (१) बैठकहरुमा सहभागि पदाधिकारी तथा तोकिएको संख्याका सहयोगी कर्मचारीको संख्याका आधारमा प्रति व्यक्ति प्रति बैठक रु २००।- ले नबढ्ने गरी चिया खाजाको व्यवस्था गर्नुपर्नेछ तर उक्त रकम नगद वितरण गरिने छैन ।

(२) विहानै देखि बैंठक गर्नु परेमा वा सोही दिन बैंठक सम्पन्न नभई सोही दिनको भोलिपल्ट बैंठक गर्नुपरेमा बैठकमा सहभागि पदाधिकारी तथा तोकिएका कर्मचारीलाई स्थानीय चलन चल्तीको दररेटमा खाना तथा आवासको व्यवस्था गर्नुपर्नेछ ।

१४. अन्य व्यवस्था

(१) यस कार्यविधिमा उल्लेख गरिए बाहेकको परिस्थितीहरुमा जनप्रतिनिधि तथा कर्मचारीहरुको बैठक तथा भ्रमण गर्नु परेमा प्रमुख प्रशासकीय अधिकृतको परामर्शमा अध्यक्षले तोके बमोजिम हुनेछ । यसरी बैंठक तथा भ्रमण गर्दा लाग्ने खर्च यसै कार्यविधिमा उल्लेख गरे बमोजिमको दरमा भुक्तानी हुनेछ ।

(२) पदाधिकारीको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

१५. **बचाऊ** : यस कार्यविधिको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत